# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-२, अंक-४, आ.व.२०८२/८३ श्रावण, २०८२

## कोशी प्रदेशको वर्तमान आर्थिक परिदृश्य

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर



## सम्पादकीय

प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो श्रावण महिनाको राजस्वमा वृद्धि भएको छ। श्रावण महिनामा संकलन भएको राजस्व भदौ महिनामा बाँडफाँट भई प्रदेश सञ्चित कोषमा दाखिला हुने भएकोले प्रदेशको वास्तविक राजस्व संकलन तालिका (ख) मा देखिएभन्दा बढी रहेको छ।

यस मन्त्रालयबाट **मासिक रुपमा** आर्थिक बुलेटिन प्रकाशन भइरहेको छ। प्रदेशको समग्र आम्दानी र मन्त्रालयगत खर्चको विवरण साप्ताहिक र मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगरको वेवसाइट pfco.koshi.gov.np मार्फत सार्वजनिक गर्ने गरिएको छ।

सम्पादन तथा प्रकाशन

वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

### प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८२/८३ को श्रावण महिनामा जम्मा रु.८ करोड २८ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.८ करोड १२ लाख र पूँजीगत खर्च रु.१६ लाख रहेको छ। गत आ.व.को श्रावण महिनामा संघीय अनुदान फिर्ता गरेकोले चालु खर्च बढी देखिएको हो।

तालिका (क) पछिल्लो तीन वर्षको श्रावण महिनाको खर्च स्थिति (रु.लाखमा)

| बजेट शीर्षक/आ.व. | २०८०/८१ श्रावण | २०८१/८२ श्रावण | २०८२/८३ श्रावण |
|---|---|---|---|
| चालु खर्च | १८७ | १३९६४ | ८१२ |
| पूँजीगत खर्च | ० | १४२ | १६ |
| स्थानीय तह अनुदान | ० | ० | ० |
| जम्मा खर्च | १८७ | १४१०६ | ८२८ |
| विनियोजनको तुलनामा खर्च % | ०.१% | ४.०% | ०.२% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

चालु आ.व.२०८२/८३ मा यस प्रदेशको कुल बजेट रु.३५ अर्ब ८७ करोड ९९ लाख रहेको छ। जसमध्ये चालु खर्च रु.१८ अर्ब ६५ करोड ३५ लाख, पूँजीगत खर्च रु.१७ अर्ब १० करोड ६५ लाख, वित्तीय व्यवस्था रु.१ करोड र स्थानीय तह अनुदान रु.४ अर्ब ७० करोड ७२ लाख रहेको छ।

### प्रदेश सरकारको आय

२. आ.व.२०८२/८३ को श्रावण महिनामा प्रदेश सञ्चित कोषमा रु.१९ करोड ९३ लाख राजस्व दाखिला भएको छ।

तालिका (ख) पछिल्लो तीन वर्षको श्रावण महिनाको आय स्थिति (रु.लाखमा)

| आय शीर्षक | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | राजस्व वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| आन्तरिक राजस्व | २९५७ | १९४२ | १९९३ | २.६२ |
| राजस्व बाँडफाँट | ० | ० | ० | |
| संघ अनुदान | ० | ० | ० | |
| जम्मा | २९५७ | १९४२ | १९९३ | २.६२ |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

चालु आ.व.२०८२/८३ को बजेटको स्रोतमा आन्तरिक राजस्व तर्फ रु.५ अर्ब ५० करोड, संघीय राजस्व बाँडफाँटबाट रु.१२ अर्ब ३९ करोड ६० लाख, वित्तीय समानीकरण अनुदानबाट रु.८ अर्ब ९८ करोड ३४ लाख, सशर्त अनुदानबाट रु.४ अर्ब ५७ करोड १० लाख, विशेष अनुदानबाट रु.५५ करोड ७२ लाख, समपुरक अनुदानबाट रु.३९ करोड १७ लाख, रोयल्टीबाट रु.३५ करोड ६ लाख र नगद मौज्दातबाट रु.३ अर्ब १३ करोड गरी जम्मा र रु.३५ अर्ब ८७ करोड ९९ लाख खर्च व्यहोरिने अनुमान रहेको छ।

## वैदेशिक सहायता

३. चालु आ.व.२०८२/८३ स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट स्वीकृत भई कोशी प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट कार्यान्वयन हुने वैदेशिक अनुदान तथा वैदेशिक ऋण स्रोतबाट संचालन हुने कार्यक्रम तथा आयोजनाको विवरण देहाय अनुसार रहेको छ। यी आयोजना तथा कार्यक्रममा प्राप्त हुने वैदेशिक सहायताको रकम संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त अनुदान अन्तर्गत समावेश रहको छ।

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | विकास साझेदार | आयोजनाको अवधि (AD) | चालु आ.व.को (रु.लाखमा) | भुक्तानी विधि | कार्यान्वयन गर्ने/ सम्बन्धित निकाय |
|---|---|---|---|---|---|---|
| १. | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | दाताको संयुक्त कोष | | १८०० | शोधभर्ना हुने अनुदान | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | उदय परियोजनाः आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | २०२३-२०२७ | ३९२४ | नगद अनुदान र सोझै भुक्तानी अनुदान | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३. | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना (NAFHA) | जी ए ऐफ एस पी | २०२२-२०२९ | २२४६ | शोधभर्ना हुने अनुदान | उद्योग, कृषि तथा सहकारी मन्त्रालय |
| ४. | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | यु एन - जी इ एफ | | १८०० | नगद अनुदान | पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ५. | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | जि सि एफ / एफ ए ओ | | ८८७ | नगद अनुदान | पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ६. | ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP) | ए डि बी | | ७८४८ | सोधभर्ना हुने ऋण | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ७. | सिंचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना (संघ शसर्त अनुदान) | ए डि बी | | ३९२ | सोधभर्ना हुने ऋण | उद्योग, कृषि तथा सहकारी मन्त्रालय |
| ८. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | स्वीट्जरल्याण्ड-एस डी सी | | ७८२ | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| ९. | बैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुका लागि पुनः एकीकरण परियोजना पहिलो चरण | स्वीट्जरल्याण्ड-एस डी सी | | १०० | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| १०. | रोजगार प्रवर्द्धन कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | | ४५ | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| ११. | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | | १०४ | नगद अनुदान | स्वास्थ्य मन्त्रालय |
| १२. | प्रदेश सहयोग कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | | ९१८ | सोझै भुक्तानी अनुदान | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १३. | विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि) | एस.इ.एस.पी. | | ४२६ | शोधभर्ना हुने अनुदान र शो. भ. हुने ऋण | सामाजिक विकास मन्त्रालय |
| १४. | परिवार कल्याण कार्यक्रम | गाभी | | ५५६ | नगद अनुदान | आयुर्वेद स्वास्थ्य केन्द्र र स्वास्थ्य कार्यालयहरु |
| १५. | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | डब्लु एच ओ | | १० | सोझै भुक्तानी अनुदान | स्वास्थ्य मन्त्रालय |
| १६. | महामारी रोग नियन्त्रण कार्यक्रम | जेफम्याट | | ३३ | नगद अनुदान | स्वास्थ्य मन्त्रालय |
| | जम्मा | | | २१८७१ | | |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, आ.व.२०८२/८३ को बजेट तथा कार्यक्रम पुस्तिका।*

## मन्त्रालयका गतिविधिहरु (२०८२ श्रावण)


माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूको अध्यक्षतामा उदय परियोजना निर्देशन समितिको बैठकको तस्वीर (मिति २०८२ श्रावण २२ गते)


मन्त्रालय र अन्तर्गतको आ.व.२०८१/८२ को वार्षिक प्रगति समिक्षाको तस्वीर (मिति २०८२ श्रावण ३० गते)